## १३४ औं कार्यपालिका बैठकका निर्णयहरूः

मिति : २०७९/०८/२९ गते

निर्णय नं. १: १३३ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन अवस्थाको समिक्षा गरियो।

निर्णय नं. २: शुक्लाफाँटा नगरपालिका नगर सभाको हिउदे अधिवेशन मिति २०७९/०९/२२ गते विहान ११ बजे नगर सभाहलमा गर्ने ।

निर्णय नं. ३: कार्यालय सहयोगी श्री सवारीलाल डगौरालाई सहायक तेस्रो स्तरवाट सहायक चतुर्थ स्तरमा नियमानुसार स्तरवृद्धि गर्ने ।

निर्णय नं. ४: क्षेत्रीय शहरी विकास आयोजना, आयोजना कार्यान्वयन इकाई, धनगढी कैलालीवाट पेश भएको यस नगरपालिकाको दिर्घकालिन शहरी विकास योजना प्रतिवेदन (२०२२-२०४३) स्वीकृत गर्ने।

निर्णय नं. ५: लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मार्गदर्शन, २०७९ स्वीकृत गर्ने ।

निर्णय नं. ६: व्यवसाय दर्ता सम्बन्धि कार्यविधि,२०७७ खारेज गरी व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि, २०७९ स्वीकृत गर्ने ।

निर्णय नं. ७: सामुदायिक छाडा पशु चौपाया व्यबस्थापन विषय सम्बन्धमा रिट निवेदक अधिवक्ता धर्मानन्द जोशी विपक्षी शुक्लाफाँटा नगरपालिका लगायत अन्य स्थानीय तहहरु समेत भएको उच्च अदालत दिपायल महेन्द्रनगर इजलास महेन्द्रनगर कंचनपुरमा चलिरहेको परमादेश मुद्दामा यस नगरपालिकाको तर्फबाट छलफल तथा लिखित जवाफ पेश गरि पुर्पक्ष समेत गर्नका लागि यस कार्यालयका कर्मचारी सहायक चौथो श्री सुरेन्द्र देव भट्टलाई अख्तियारी दिने र उल्लेखित परामदेश मुद्दामा लिखित जवाफ तयार गर्न, बहस पैरवी गर्न अधिवक्ता श्री उद्धवराज भट्टलाई नियुक्त गर्ने ।

निर्णय नं. ८: विद्यालय समायोजन, दरवन्दी मिलान र तहगत प्र. अ, व्यवस्थापनका लागि देहायबमोजिम कार्यदल गठन गर्ने ।

देहायः

| | |
|---|---|
| क) समाजिक विकास समिति संयोजक श्री रमेश बहादुर ऐर- | संयोजक |
| ख) वडा अध्यक्ष श्री उत्तरदेव भट्ट- | सदस्य |
| ग) वडा अध्यक्ष श्री बहादुर सिंह महरा- | सदस्य |
| घ) वडा अध्यक्ष श्री नवल सिंह राना- | सदस्य |
| ङ) शिक्षा अधिकृत श्री सुरेश प्रसाद भट्ट- | सदस्य सचिव |

निर्णय प्रमाणित

२०७९।८।२९

८।२९